# बलेफी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

प्रदेश नं. ३, नेपाल

## आ.व. २०७६/०७७ को लागि ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

दोश्रो पटक प्रकाशित मिति: २०७६/०८ /२२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२) र घ (६) समेतमा भएको व्यवस्था बमोजिम यस बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सुनकोशी नदी र ब्रम्हायणी नदिको विभिन्न स्वीकृत स्थानहरुबाट निकासी गरिने नदिजन्य श्रोतहरु (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल रोडा, माटो आदि) को शुल्क ३ नं. प्रदेश सरकार, आर्थिक ऐन, २०७५( संशोधित २०७६) को दफा अनुसारको वस्तुमा अनुसूची-५ मा उल्लेखित प्रति इकाई दररेट अनुसार चालु आ.व. २०७६/०७७ का लागि बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित रितपूर्वकको यो ३० दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

बोलपत्र फाराम दस्तुर रु. ३०००/- (फिर्ता नहुने गरी)

| सि. नं | ठेक्का नं | ठेक्काको किसिम | उठाउन पाउने दररेट | कारोबार योग्य अधिकतम परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक (मू.अ.क. बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१-०७६/०७७ | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल तथा रोडा आदि उत्खनन तथा विक्री शुल्क (खानीक्षेत्र बाहेक) | प्रति घनफिट रु. ९/- | ४,३८,८४४ | रु.३९,४९,५९६/- | २०७६ पुस २१ गते सोमबार कार्यालय समयभित्र | २०७६ पुस २२ गते मंगलबार दिउँसो १२ बजेभित्र | २०७६ पुस २२ गते मंगलबार दिउँसो २ बजेपछि |

| बोलपत्र दस्तुरको लागि: | धरौटीको लागि: |
|---|---|
| राजश्व शाखा, गाउँ कार्यपालिकाको कार्यालय<br>वा<br>NIC Asia बैंक लि. खाडीचौर शाखा<br>आन्तरिक आम्दानी खाता नं. J४CA०००३५७०५२४०७ | NIC Asia बैंक लि. खाडीचौर शाखा<br>धरौटी खाता नं. J४CA०००३५७०५२४०५ |

प्रस्तावित ठेक्काहरुमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेको क्षेत्रको परिमाण अनुसार ठेक्का कारोबार सञ्चालन हुनेछ । तर थप परिमाणको IEE स्वीकृत भएमा वा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय वा अन्य कुनै विधिबाट थप उत्खनन्, संकलन र निकासी, विक्रीको अनुमति दिनुपर्ने भएमा बोलपत्र स्वीकारकर्तालाई पहिलो प्राथमिकता दिई सम्झौताको शर्तमा उल्लेख भए अनुसार हुनेछ ।

**शर्त तथा बन्देज**

१. चालु आ.व.का लागि कारोबार योग्य नदीजन्य श्रोतको परिमाण र व्यवस्थापन (स्वीकृत IEE को परिमाण ४,३८,८४४ घ.फि. कायम गरिएको छ ।

२. ठेक्काको मान्य अवधि: (उत्खनन, संकलनको हकमा सम्झौता भएको मितिदेखि २०७७ जेष्ठ मसान्तसम्म र विक्रीको हकमा सम्झौता भएको मितिदेखि २०७७ असार मसान्तसम्म कायम रहनेछ ।

३. ठेकेदारका कारण सम्झौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ । सो अनुसार उल्लेखित अगावै कारोबार योग्य परिमाण विक्री भएमा तोकिएको समयावधि अगावै स्वत: समाप्त हुनेछ ।

४. बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने आउने रकम गाउँपालिकाको नाममा रहेको एन.आइ.सी. एसिया बैंक लि. खाडीचौर शाखाको हि नं. J४CA०००३५७०५२४०५ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तिमा १२० दिन म्याद भएको विड बन्ड समेत बोलपत्रसाथ अनिवार्य संलग्न हुनु पर्नेछ ।

५. बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलीपल्ट कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन र सोही समयलाई मानिनेछ ।

६. बोलपत्रमा समावेश हुनेले एन.आइ.सी. एसिया बैंक लि. , खाडीचौर शाखामा यस कार्यालयको नाममा रहेको सञ्चित कोष खाता नं. J४CA०००३५७०५२४०४ मा बोलपत्र खरिदको लागि तोकिएको दस्तुर दाखिलाको सक्कल भौचर सहितको आवश्यक कागजात समावेश गर्नु पर्नेछ । सो को सक्कल प्रतिहरु बोलपत्र खोलिए लगत्तै कार्यालमा उपलब्ध गराउनु पर्नेछ ।

७. प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन २ बजे यस कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहबरमा बलेफी गाउँ कार्यपालिकाको कार्यालय, बलेफीमा खोलिनेछ । साथै प्रस्ताव खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।

८. बोलपत्रदाताहरुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. बोलपत्र स्वीकृती भएको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र बोलपत्रदाताले न्युनतम ४० प्रतिशत नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा बोलपत्रमा उल्लेख भए अनुसारको बाँकी ६० प्रतिशत रकम किस्ता बमोजिम बैशाख मसान्तभित्र दाखिला गर्नुपर्नेछ । किस्ताको हकमा सम्झौता बखत नेपाल सरबारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०७७ श्रावण मसान्तसम्मको म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित सम्झौता गर्न आउनु पर्नेछ ।

१०. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बलेफी गाउँपालिकामा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिनेछ । वा यस कार्यालयको वेभसाइट www.balephimun.gov.np मा हेर्न सकिनेछ ।